बैठक नं.५

आज मिति २०८०/०७/२२ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८ बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

कुमारी देवी दर्लामी - का० वा० वडाध्यक्ष - २
तुल्सी बहादुर चौधरी - का० वा० वडाध्यक्ष - १६

- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद भुसालले च.नं. ३५५ मिति २०८०।६।८ गतेको पत्र मार्फत आफुमा निहित अधिकारहरु मध्ये बुदा नं. ५ मा कार्यालयको कामको सिलसिलामा म आकस्मिक रुपमा जिल्ला बाहिर जानुपर्दा स्वतः निमित्त प्रमुख प्रशासकीय अधिकृत भई दैनिक प्रशासनिक कार्यहरु संचालन गर्ने भनी श्री मित्रमणी खनाल निर्देशक अधिकृतस्तर दशौं तहलाई निमित्त दिएको व्यहोरा आजको बैठकमा जानकारी भयो ।

**प्रस्ताव नं. ५.१**

मिति २०८०।६।२१ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. ५.१**

- आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० स्वीकृत गरी प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशित भई कार्यान्वयन भएको ।
- सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८० प्रस्ताव नं. ४.३ अन्तरगत टेबुल भएको र थप छलफल गरी स्वीकृतिका लागि आजको प्रस्ताव नं. ५.२ मा रहेको ।
- शपिङ्ग कम्प्लेक्सका सटर कोठाहरुको न्यूनतम वहाल अंक निर्धारण गरिएको र कार्यालयले आय ठेक्का बन्दोबस्तीको लागि टेण्डर प्रकिया समेत अगाडि बढाएको ।
- वडा नं. १२, १६ र १९ मा रहेका हाटबजारहरुको संचालन तथा व्यवस्थापनका लागि न्यूनतम ठेक्का अंक कायम गरिएको र कार्यालयबाट आय ठेक्का बन्दोबस्तीका लागि सूचना समेत प्रकाशित भएको ।
- राष्ट्रिय वाणिज्य बैंकबाट एक्सटेन्सन काउन्टर राखे वापत् मासिक शुल्क लिने गरी द्विपक्षीय सम्झौता गर्ने निर्णय भएको र सम्झौता गर्न आउनका लागि पत्राचार समेत भएको ।
- सडकबत्ती व्यवस्थापनका लागि वडाहरुलाई बजेट उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- Hight Mast Light जडान कार्यका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना समेत प्रकाशित भएको ।
- मुख्य प्रशासनिक भवनको सरसफाईको कार्य निजी क्षेत्र मार्फत् व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- चमेनागृहको खाना र खाजाको दररेट स्वीकृत गरी प्रतिस्पर्धाका लागि सूचना समेत प्रकाशित भएको ।
- कार्यविधि सहितका केही निर्णयहरु संशोधन गरिएको ।

- वडा कार्यालय लगायतका अन्य भवन, संरचनाहरु निर्माणका लागि उपमहानगरपालिकाको आफ्नो स्वामित्वमा जग्गा नभएको हुँदा उपयुक्त स्थानमा जग्गाको एकिन गरी लिजमा लिने प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. ५.२**

सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. ५.२**

मिति २०८०।६।२१ मा बसेको नगरकार्यपालिकाको चौथो बैठकको निर्णय नं. ४.३ अन्तरगत टेबुल भएको सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८० माथि दफावार छलफल गरियो । उल्लेखित कार्यविधि, उपमहानगरपालिकाको लागि आवश्यक भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.३**

गौशाला संचालन तथा व्यबस्थापनका लागि आव्हान गरिएको प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. ५.३**

बुटवल उपमहानगरपालिका वडा नं. ७ स्थित शिवनगरमा रहेको गौशालामा छाडा चौपाया व्यवस्थापन गर्ने गरी खुल्ला प्रतिस्पर्धा मार्फत् प्रस्ताव आव्हान गरिएकोमा तोकिएको म्याद भित्र २(दुई) वटा मात्र प्रस्ताव दर्ता हुन आएका । प्रस्ताव आव्हान गर्दा केही अत्यावश्यक बुँदाहरु छुट हुन गएको र पर्याप्त मात्रामा प्रस्तावहरु समेत नपरेको हुँदा सम्झौताका शर्तहरु थप गरी अझ बढी प्रतिस्पर्धा गराउन आवश्यक र उपयुक्त हुने भएकोले प्राप्त प्रस्तावहरु फिर्ता लिन चाहेमा फिर्ता दिने र निज प्रस्ताव दाताहरु पनि प्रतिस्पर्धामा समावेश हुन पाउने गरी पुन प्रस्ताव आव्हान सम्बन्धी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.४**

बसपार्कमा रहेको सपिङ्ग कम्प्लेक्सको पहिलो तला र दोस्रो तलामा रहेका सटरहरु वहाल बन्दोबस्तीका लागि बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.४**

बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल परिसर भित्र रहेको सपिङ्ग कम्प्लेक्सको पहिलो र दोश्रो तलाका सटरहरु बहाल बन्दोबस्तीको लागि पटक पटक आय ठेक्काको बोलपत्र आह्वान गर्दा पनि कुनै बोलपत्र दाखिला हुन नआएको हुँदा उक्त सपिङ्ग कम्प्लेक्सका १८ वटा सटरहरुको यस अघि तोकिएको न्यूनतम् बहाल रकममा २५% कम गरी ५ वर्षको लागि दोश्रो वर्ष देखि ५% बहाल रकममा बृद्धि हुने गरी आय ठेक्का बन्दोबस्ती प्रक्रिया अगाडि बढाउन मिति २०८०।७।१४

मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**सटरको विवरण**

| क.सं. | सटर नं. | सटरको विवरण | वहाल अंक (मासिक) | २५ % कम गरी हुने न्यूनतम बहाल रकम |
|---|---|---|---|---|
| १ | २५ | पहिलो तला | १२९२०.०० | ९६९०.०० |
| २ | २६ | पहिलो तला | ९९४५.०० | ७४५८.०० |
| ३ | २७ | पहिलो तला | ९७७५.०० | ७३३१.०० |
| ४ | २८ र ३३ | पहिलो तला | ९८६०.०० | ७३९५.०० |
| ५ | २९ र ३२ | पहिलो तला | ८६७०.०० | ६५०२.०० |
| ६ | ३० र ३१ | पहिलो तला | १०८८०.०० | ८१६०.०० |
| ७ | ३४ | पहिलो तला | २१२५०.०० | १५९३७.०० |
| ८ | ३५ | पहिलो तला | १०५४०.०० | ७९०५.०० |
| ९ | ३६ | पहिलो तला | ९७७५.०० | ७३३१.०० |
| १० | ३९ | दोस्रो तला | ९९४५.०० | ७४५८.०० |
| ११ | ४० | दोस्रो तला | ७६५०.०० | ५७३७.०० |
| १२ | ४१ | दोस्रो तला | ७४८०.०० | ५६१०.०० |
| १३ | ४२ र ४७ | दोस्रो तला | ७३१०.०० | ५४८२.०० |
| १४ | ४३ र ४६ | दोस्रो तला | ६६३०.०० | ४९७२.०० |
| १५ | ४४ र ४५ | दोस्रो तला | ८३३०.०० | ६२४७.०० |
| १६ | ४८ | दोस्रो तला | १६२३५.०० | १२१७६.०० |
| १७ | ४९ | दोस्रो तला | ८०७५.०० | ६०५६.०० |
| १८ | ५० | दोस्रो तला | ७५६५.०० | ५६७३.०० |
| जम्मा | | | १८२८३५.०० | १३७१२६.०० |

**प्रस्ताव ५.५**

विज्ञापन करको लागि बोलपत्र आब्हान गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.५**

बुटवल उपमहानगरपालिका अन्तरगत राजमार्ग चौराहा देखि गोलपार्क सम्म र हस्पिटल लाइन देखि लायन्स आँखा अस्पताल सम्मका (एपेक्स नेपालसंग भएको सम्झौतामा उल्लेखित क्षेत्र) क्षेत्र बाहेकका अन्य सबै क्षेत्रका उद्योग व्यवसाय र संघ संस्थाहरुमा लगाइएका होर्डिङ्ग बोर्ड तथा विज्ञापन बोर्डमा विज्ञापन करको आय ठेक्का गर्नको लागि ठेक्का अवधि २ वर्षको हुने र पहिलो वर्षको न्यूनतम ठेक्का अंक रु. ४२,००,०००।- (बयालीस लाख मात्र) भ्याट बाहेक दोस्रो वर्षको लागि थप १० प्रतिशत वृद्धि गरी हुने रकम रु.४६,२०,०००।- (छ्यालीस लाख बीस हजार मात्र) भ्याट बाहेक गरी न्यूनतम कूल ठेक्का रकम रु. ८८,२०,०००।-(अठासी लाख बीस हजार मात्र) भ्याट बाहेक कायम गरी आय ठेक्का

बन्दोबस्ती प्रकिया अगाडि बढाउनका लागि मिति २०८०।७।१४ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.६**

पुर्नप्रयोग (कवाडीजन्य) योग्य सामग्री व्यवस्थापन कार्यविधि, २०८० टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.६**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका पुर्नप्रयोग (कवाडीजन्य) योग्य मालसामानहरुको व्यवस्थापन गर्न आवश्यक भई कार्यालयबाट पुर्नप्रयोग (कवाडीजन्य) योग्य सामग्री व्यवस्थापन कार्यविधि, २०८० तयार गरी आजको बैठकमा प्रस्तुत हुन आएको हुँदा उल्लेखित कार्यविधि आजको बैठकमा टेबुल गरियो ।

**प्रस्ताव नं. ५.७**

समितिलाई पूर्णता दिने सम्बन्धमा ।

**निर्णय नं. ५.७**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि एवं निर्देशिकाहरुले निर्दिष्ट गरे बमोजिम नगरकार्यपालिकाबाट सहसंयोजक, उपसंयोजक र सदस्य तोक्नु पर्ने कानूनी प्रावधान अनुसारका समितिहरुको नामावली आजको बैठकमा जानकारी भयो । उल्लेखित पदहरुमा आगामी बैठकमा मनोनयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.८**

६ नं. वडा कार्यालयको भवन निर्माण बहुबर्षिय आयोजनामा समावेश गरी कार्यान्वयन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.८**

बुटवल उपमहानगरपालिका वडा नं. ६स्थित चाँदवारीमा चन्द्रनगर खानेपानी तथा सरसफाई समितिको कम्पाउण्डभित्र दक्षिणपट्टी बोरिङ्गलाई असर नपर्ने गरी ६ नं.वडा कार्यालयको भवन निर्माण गर्नका लागि वडा समितिको निर्णय सहित अनुरोध भई आएको सन्दर्भमा चालु आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम खर्च शीर्षकको ३११२ क.सं. ४७०, नेपाल सरकार नगद अनुदानमा रु. ५०,००,०००।(पचास लाख मात्र) बजेट विनियोजन भै उक्त स्थानमा भवन निर्माणका लागि प्राविधिकबाट भ्याट र कन्टेन्जेन्सी सहित रु. ३,८३,८८,०८४।२६ (अक्षरेपी रु. तीन करोड त्रियासी लाख अठासी हजार चौरासी रुपैयाँ र छब्बीस पैसा मात्र) लागत अनुमान पेश भएको । सो लागत अनुमान रकम मध्ये रु. ५०,००,०००।(पचास लाख मात्र) उल्लेखित सोही योजनाको खर्च शीर्षकको

बजेट रकमबाट र नपुग बाँकी रकम रु. ३,३३,८८,०८४।२६(तीन करोड तेत्तिस लाख अठासी हजार चौरासी रुपैयाँ र छब्बीस पैसा मात्र) आगामी आ.व.को नगरसभाबाट बजेटको सुनिश्चितता हुने गरी बहुवर्षिय आयोजनामा समावेश गरी ठेक्का मार्फत संचालन एवं कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.९**

नयागाउँ मा.वि.को भवन निर्माणका लागि न.पा. ले २० प्रतिशत लागत सहभागिताको प्रतिबद्धता गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.९**

बुटवल उपमहानगरपालिका अन्तरगत वडा नं. १२ मा रहेको नयागाउँ मा.वि. मा साना विकास परियोजना अन्तरगतबाट कार्यान्वयन हुने भवन निर्माण सहित अन्य पूर्वाधार निर्माण प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् भारतीय राजदुतावासमा बुटवल उपमहानगरपालिकाबाट लागत् सहभागिताको सुनिश्चितता हुने गरी रु.५ करोडको भौतिक निर्माण सम्बन्धी आयोजना समावेश एवं स्वीकृतिका लागि छनोट गरी पठाउने भनी मिति २०८०।५।१८ मा बसेको नगरकार्यपालिकाको बैठकबाट समेत निर्णय भईसकेको हुँदा उल्लेखित आयोजनाका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको तर्फबाट २० प्रतिशत लागत सहभागिता व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.१०**

वडास्तरमा विपद् व्यवस्थापन समितिको गठन गरी क्रियाशिल गराउने सम्बन्धमा ।

**निर्णय नं. ५.१०**

बुटवल उपमहानगरपालिका अन्तरगतका वडाहरुमा विपद् व्यवस्थापन समिति गठन गरी क्रियाशिल गराउन आवश्यक भएको हुँदा विपद् व्यवस्थापन समिति गठन हुन बाँकी रहेका वडाहरुमा समेत विपद् व्यवस्थापन समिति गठन गरी नगरकार्यपालिकाको कार्यालयमा जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.११**

चमेना गृहको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ५.११**

बुटवल उपमहामनगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसर भित्र संचालनमा रहेको चमेना गृहको विगतमा नगरकार्यपालिका बैठकबाट म्याद थप भएको र हाल नया भवनमा प्रतिस्पर्धात्मक विधिबाट चमेनागृह संचालनका लागि टेण्डर समेत प्रकाशित भइसकेको हुँदा साविक बमोजिम कै शर्त

प्रावधान बमोजिम हुने गरी हाल संचालनमा रहेको चमेना गृहको मिति २०८०।८।१५ सम्मका लागि मात्र म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.१२ विविध ।**

**प्रस्ताव नं. ५.१२.१**

शुभ दिपावली २०८० सम्बन्धमा ।

**निर्णय नं. ५.१२.१**

राष्ट्रिय चाडपर्वहरुलाई सभ्य र मौलिक बनाउँदै सुरक्षित र व्यवस्थित गरी संस्कृतिको जगेर्ना गर्न आवश्यक भएको हुँदा नजिकिदै गरेको शुभ दिपावली २०८० को अवसरमा राती १० बजे सम्म मात्र देउसी भैलो खेल्ने र चन्दा वापत् बढीमा रु.११००।-(एक हजार एक सय मात्र) लिने दिने गर्न उपमहानगरवासीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५. १२.२**

शुभ दिपावली २०८० को अवसरमा पूजा आराधना गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५.१२.२**

शुभ दिपावली २०८० को अवसरमा लक्ष्मी पूजा र गोबर्धन पूजाको दिनमा बुटवल ७ स्थित शिवनगरमा रहेको गौशालामा पूजा आराधना प्रयोजनका लागि छाडा चौपाया व्यवस्थापन शीर्षकबाट खर्च जनिने गरी रु. १०००००।-(एक लाख मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.१२.३**

शुभ दिपावली २०८० मा प्रयोग हुने पुष्प गुच्छा र माला सम्बन्धमा ।

**निर्णय नं. ५.१२.३**

राष्ट्रिय चाडपर्वहरुमा प्लाष्टिकका मालाहरु प्रयोग गर्ने प्रचलन बढिरहेको र जनस्वास्थ्यका लागि पनि प्लाष्टिकजन्य वस्तुको प्रयोग राम्रो नहुने भएकोले नजिक हुँदै आएको शुभ दिपावली २०८० को अवसरमा स्थानीय फूल मालाको उत्पादनलाई प्राथमिकतामा राखी प्रयोग गर्न उपमहानगरबासीहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.१२.४**

योजना सम्झौताको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ५.१२.४**

बुटवल उपमहानगरपालिकाबाट चालु आ.व. ०८०/०८१ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम मध्ये उपभोक्ता समितिहरु मार्फत संचालन एवं कार्यान्वयन हुने आयोजनाहरुको सम्झौता गर्ने अवधी २०८० कात्तिक मसान्त सम्मका लागि तोकी नगरकार्यपालिका बैठकबाट कार्य संचालन तालिका

स्वीकृत गरिएकोमा राष्ट्रिय चाडपर्वहरुका कारण उपभोक्ता समिति गठन भई सम्झौता गर्न आउने क्रम कम देखिएको हुँदा योजना सम्झौताका लागि मिति २०८०।८।१५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.१२.५**

राहत सामग्री सम्बन्धमा ।

**निर्णय नं. ५.१२.५**

मिति २०८०/७/१७ गते राती ११:४७ मिनेट जाँदा गएको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिम जिल्लामा ठूलो जनधनको क्षति भएको हुँदा उक्त क्षेत्रका भुकम्प पीडित परिवारहरुलाई तात्कालिक राहतका लागि चामल, दाल,नुन, तेल, सोयाविन, बिच्छ्याउने म्याट र ब्ल्याङ्केट समेतका सामग्रीहरु बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका २ जना कर्मचारीहरुले ट्रक मार्फत् जाजरकोट जिल्ला स्थित नलगाड नगरपालिकामा पुऱ्याई उक्त नगरपालिका मार्फत् पीडित परिवारहरुमा समेत पुगेको व्यहोरा प्रमुखज्यूबाट आजको बैठकमा जानकारी भयो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।